नागोयाशी शिक्षा बोर्ड

नागोया सिटी प्राथमिक र जुनियर हाई स्कूलमा सिक्ने विद्यार्थीहरुको लागि

# स्योकी निहोनगो स्यूत्यू क्योउशीतू (प्रारम्भिक जापानी भाषा कक्षा)

○ यो एक कक्षा हो जहाँ आधारभूत जापानी ( दैनिक कुराकानी शब्दहरू आदि) सिक्छौँ।

○ जापानी स्कूल जीवन (कक्षामा कसरी सिक्ने आदि) बारे पनि जान्छौ।

○ त्यहाँ 3 प्रकारका कक्षाहरू छन्:आमनेसामने व्यक्तिगत शिक्षा、आमनेसामने गुरूप शिक्षा、रिमोट शिक्षा।


○ व्यक्तिगत शिक्षा बिहान मात्र उपलब्ध छ। दिउँसो स्कुल फर्केर पढ्छ ।
आमनेसामने गुरूप शिक्षाको लागि बिहान वा दिउँसो छान्नुहोस्। स्कुल र 「निहोनगो क्योउइकू सोउदान सेनटर」 सँग परामर्श गर्नुहोस,बस्ने ठाउँमा यातायातको सुविधा र सिक्न सुरु गर्ने समय आदि विचार गर्दै।

○ फीको लागि नि:शुल्क छ। आमनेसामने शिक्षामा सिक्ने प्राथमिक विद्यालयका विद्यार्थीको लागि,अभिभावकले सँगै आउनु जानुपर्छ।

○ अभिभावकले सँगै आउनु जानु नसक्ने प्राथमिक विद्यालयका विद्यार्थीको लागि वा क्योउशीतू टाढा भएर आउने गह्रो भएको जुनियर हाई स्कूल विद्यार्थीको लागि,अनलाइनको रिमोट शिक्षा कक्षा छ।

〈आमनेसामने व्यक्तिगत शिक्षा〉

| कक्षा | तोउकाई क्योउशिचू | मियामाए क्योउशिचू |
|---|---|---|
| यातायात | सबवे 「तोउकाई दोरी」<br>उत्तरपश्चिममा500m | सबवे 「कामीईइदा」 पूर्वतिर700m<br>सबवे 「औज़ोने」 उत्तरपश्चिममा1500m |
| शिक्षा दिन्<br>शिक्षा समय | सोमबार～शुक्रबार<br>9：00 ～ 11：20 | |
| सिक्ने सामग्री | आधारभूत जापानी (दैनिक कुराकानी शब्दहरू、सजिलो रुपमा पढ्न र लेख्न)<br>जापानी स्कूल जीवन (कक्षामा कसरी सिक्ने आदि) | |
| अरू | बिहानको बैठक आदि | |




〈आमनेसामने गुरूप शिक्षा〉

| कक्षा | मीसोनो क्योउशिचू |
|---|---|
| यातायात | सबवे 「हूशीमी」 उत्तरपश्चिममा300m |
| शिक्षा दिन्<br>शिक्षा समय | सोमबार～शुक्रबार<br>गुरूप① 9：00 ～ 11：00<br>गुरूप② 13：30 ～ 15：30 |
| सिक्ने सामग्री | आधारभूत जापानी (दैनिक कुराकानी शब्दहरू、सजिलो रुपमा पढ्न र लेख्न)<br>जापानी स्कूल जीवन (कक्षामा कसरी सिक्ने आदि) |
| अरू | गुरूप①、कक्षा समाप्त गरेपछि, स्कूल फर्कनु, खाजा खानु, र दिउँसो कक्षाहरूमा उपस्थित हुनु।<br>गुरूप②、स्कूलमा खाजा खानु, मिसोनोको कक्षामा जानु, र सकिएपछि घर फर्कनु। |

〈रिमोट गुरूप शिक्षा〉

| | |
|---|---|
| शिक्षा दिन्<br>शिक्षा समय | सोमबार～शुक्रबार<br>8：50～10：30 वा 10：45～12：25 |
| सिक्ने सामग्री | आधारभूत जापानी (दैनिक कुराकानी शब्दहरू、सजिलो रुपमा पढ्न र लेख्न)<br>जापानी स्कूल जीवन (कक्षामा कसरी सिक्ने आदि) |
| अरू | सिक्नेहरूको लागि ट्याब्लेट उपकरणहरू प्रयोग गर्छौ। |

◇ विद्यालयका शिक्षक वा「निहोनगो क्योउइकू सोउदान सेनटर」संग परामर्श पछि आवेदन दिनुहोस।